महँगीले...

तर नागरिकको भान्सासँग प्रत्यक्ष जोडिएको खाद्य तथा पेय पदार्थतर्फको मुद्रास्फीति पनि कम छैन। मध्य जुनमा खाद्य तथा पेय पदार्थको मूल्यवृद्धि ४ दशमलव ९५ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको ५ दशमलव ३७ प्रतिशत पुगेको राष्ट्र बैंकले जनाएको छ। अघिल्लो वर्षको सोही अवधिमा खाद्य तथा पेय पदार्थको मूल्यवृद्धि शून्य दशमलव ५४ प्रतिशत मात्रै थियो।

चार महिनाअघिको अवस्थासँग तुलना गर्दा पनि मूल्यवृद्धिको गति तीव्र देखिन्छ। मध्य अप्रिलमा समग्र उपभोक्ता मुद्रास्फीति ४ दशमलव ४७ प्रतिशत, खाद्य तथा पेय पदार्थको ४ दशमलव ०१ प्रतिशत र गैरखाद्य तथा सेवाको ४ दशमलव ७२ प्रतिशत थियो। मध्य जुनसम्म आइपुग्दा समग्र मुद्रास्फीति ५ दशमलव २२ प्रतिशत र खाद्य तथा पेय पदार्थको ४ दशमलव ९५ प्रतिशत पुगेको छ। अर्थात् केही महिनाको अन्तरमै मूल्यवृद्धिको दबाब थप माथि गएको देखिन्छ।

राष्ट्र बैंकको तथ्याङ्कले आम उपभोक्ताले दैनिक खरिद गर्ने वस्तुमध्ये केहीमा उल्लेख्य मूल्यवृद्धि भएको देखाएको छ। मध्य जुनसम्म फलफूलको मूल्यमा वार्षिक १७ दशमलव ४० प्रतिशत, घिउ तथा तेलमा १५ दशमलव १० प्रतिशत, मासु तथा माछामा ५ दशमलव २६ प्रतिशत र तरकारीमा ४ दशमलव १४ प्रतिशत वृद्धि भएको छ। यसको अर्थ औसत मुद्रास्फीतिले मात्र आम नागरिकको वास्तविक पीडा देखाउँदैन। परिवारको नियमित खर्चमा पर्ने तेल, तरकारी, फलफूल र मासुजस्ता वस्तुको मूल्य समग्र मुद्रास्फीतिभन्दा धेरै दरले बढ्दा निम्न तथा मध्यम आय भएका परिवारको बजेटमा त्यसको असर अझ ठूलो परेको छ।

चामलको बजार अवस्था पनि यसको उदाहरण हो। पछिल्ला दुई महिनामै विभिन्न प्रकारका २५ किलोका चामलका बोरामा ३०० देखि ४०० रुपैयाँसम्म मूल्य बढेको व्यवसायीहरूले बताएका छन्। दशैंसम्म मूल्य अझै बढ्न सक्ने उनीहरूको अनुमान छ।

मासुको हकमा पनि उपभोक्ता फरक-फरक मूल्य तिर्न बाध्य छन्। काठमाडौंमा खसीको मासुको मूल्य प्रतिकिलो १ हजार ६ सय रुपैयाँसम्म पुगेको छ। अभाव देखाएर मूल्य बढाइएको गुनासो आएपछि सरकारले मूल्यको सीमा तोक्ने तयारीसमेत गरेको थियो। सरकारले भने बजारमा देखिएको मूल्यवृद्धिको सम्पूर्ण दोष आफ्नो व्यवस्थापनमा नरहेको बताउँदै आएको छ। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले मूल्यवृद्धिमा पेट्रोलियम पदार्थको मूल्य, उत्पादनको अवस्था र बिचौलियाको प्रभाव रहेको बताउनुभएको छ।

उहाँका अनुसार वाणिज्य विभागलाई सक्रिय बनाइएको छ र दैनिक रूपमा बजार अनुगमन भइरहेको छ। आयातकर्ता, उत्पादक तथा विक्रेताको अनुगमन गरी कैफियत भेटिए उपभोक्ता संरक्षण ऐनअनुसार कारबाही र जरिवाना गर्ने गरिएको सरकारको दाबी छ।

तर उपभोक्ता अधिकारकर्मीहरू सरकारको यो तर्कसँग पूर्णरूपमा सहमत छैनन्। उनीहरूका अनुसार अन्तर्राष्ट्रिय बजार, इन्धन र ढुवानी खर्चको असर मूल्यमा पर्न सक्छ। तर त्यसैलाई आधार बनाएर सबै वस्तुको मूल्य बढाउने प्रवृत्ति रोक्ने जिम्मेवारी सरकारकै हो।

उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले बजार अनुगमन राजस्व उठाउने माध्यमजस्तो बनेको टिप्पणी गर्नुभएको छ। उहाँका अनुसार अनुगमन टोली जाने, साना व्यापारीलाई जरिवाना गर्ने र त्यसलाई उपलब्धिका रूपमा प्रस्तुत गर्नेभन्दा बजारको मूल संरचना सुधार गर्नुपर्ने आवश्यकता छ।

अर्का उपभोक्ता अधिकारकर्मी प्रेमलाल महर्जनले पनि उत्पादकदेखि उपभोक्तासम्म पुग्दा बजारका धेरै तहमा बिचौलिया रहेको र तहगत मूल्य निर्धारणको समस्या समाधान हुन नसक्दा मूल्य नियन्त्रण कठिन भएको बताउनुभयो। उहाँका अनुसार बजार तह निर्धारणका लागि पटक-पटक कार्यदल बने पनि निष्कर्ष प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन।

सरकारले बजार अनुगमनलाई आफ्नो उपलब्धिका रूपमा प्रस्तुत गरिरहेको छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको गत आर्थिक वर्षको प्रगति विवरणअनुसार देशभर ९ सय ६५ अनुगमन टोली परिचालन गरी ४ हजार ४ सय ८१ व्यावसायिक फर्मको अनुगमन गरिएको थियो। ५ सय ३७ फर्मलाई कारबाही गर्दै २ करोड ६१ लाख २३ हजार ३ सय रुपैयाँ जरिवाना असुल गरिएको र ३ हजार ४ सय ६२ फर्मलाई सचेत गराइएको विभागको तथ्याङ्क छ।

तर यही तथ्याङ्कको अर्को पाटो अझ गम्भीर छ। अनुगमन गरिएका फर्ममध्ये १ सय १५ फर्म मात्रै पूर्णरूपमा नियमसंगत भेटिएका थिए। उपभोक्ता अधिकारकर्मीले यसलाई बजार अनुगमनको प्रभावकारितामाथि प्रश्न उठाउने आधार मानेका छन्। अर्थात् समस्या पसलमा मात्र छैन, बजार सञ्चालनको प्रणालीमै छ। एकपटक जरिवाना तिराएर फेरि उही व्यवसायीले उही गल्ती दोहोऱ्याउने हो भने अनुगमनको सङ्ख्याले उपभोक्ताको भान्सा सस्तो बनाउन सक्दैन।

नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्कअनुसार मध्य जुनसम्म मुद्रास्फीति ५ दशमलव २२ प्रतिशत पुगे पनि चालु आर्थिक वर्षको पहिलो ११ महिनाको औसत मुद्रास्फीति २ दशमलव ८९ प्रतिशतमा छ। त्यसैले औसत दर र पछिल्लो महिनाको वार्षिक बिन्दुगत दरबीच फरक छ।

राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले आगामी आर्थिक वर्षको मौद्रिक नीतिले सरकारको ६ प्रतिशतभित्र मुद्रास्फीति कायम राख्ने लक्ष्यलाई सहयोग गर्ने बताउनुभयो। यसको अर्थ केन्द्रीय बैंकका लागि अहिलेको मुख्य चुनौती मूल्यवृद्धिको गति थप चर्किन नदिनु हो।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित भएर सरकारमा पुगेका प्रधानमन्त्री तथा मन्त्रीहरूमाथि पनि अब जनताको अपेक्षाअनुसार काम देखाउनुपर्ने दबाब बढेको छ। नयाँ राजनीतिक शक्तिले पुराना दलभन्दा फरक शैली, छिटो सेवा र प्रत्यक्ष परिणाम दिने वाचा गरेर मत पाएको अवस्थामा सरकारको साढे चार महिनाको कार्यसम्पादनमाथि प्रश्न उठ्नु स्वाभाविक हो।

रास्वपाका सांसद मनीष झाले विगतमा नै जनतालाई ठूलो सपना देखाउनेभन्दा साना-साना सेवा प्रवाहमा सुधार गर्न सके जनताले सरकारको उपस्थिति अनुभूति गर्ने बताएका थिए। उहाँको राजनीतिक तर्ककै आधारमा हेर्दा अहिलेको सरकारको परीक्षा ठूला घोषणाभन्दा नागरिकको दैनिक जीवनमा देखिने परिणामबाट हुनुपर्ने देखिन्छ।

रास्वपाभित्रै पनि सरकारको कामको दृश्य परिणामबारे आलोचनात्मक बहस सुरु भएको देखिन्छ। सत्तारुढ दलका नेताहरूले भने सरकारलाई काम गर्ने समय दिनुपर्ने र छोटो अवधिमै सबै परिणाम खोज्न नहुने तर्क गर्दै आएका छन्। तर जनताको दृष्टिबाट हेर्दा चार-पाँच महिना पनि सेवा प्रवाह सुधार, बजार अनुगमन, औषधी आपूर्ति र मूल्य पारदर्शिताजस्ता तत्काल गर्न सकिने कामका लागि पर्याप्त समय हो भन्दै आवाज उठ्न थालेको छ।

सरकारप्रतिको निराशा केवल चामल, तेल वा मासुको मूल्यसँग जोडिएको छैन। नागरिकले सरकारबाट 'राज्य छ' भन्ने अनुभूति खोजिरहेका छन्। बजारमा व्यापारीले मनलाग्दी मूल्य लिन नसक्ने अवस्था, अस्पताल पुग्दा आवश्यक खोप पाइने अवस्था, किसानले रोपाइँका बेला मल खोज्दै भौतारिनु नपर्ने अवस्था र दैनिक उपभोग्य वस्तुको मूल्यमा पारदर्शिता, यी नै सरकारको कार्यसम्पादनका सबैभन्दा सरल सूचक हुन्।

सरकारले दैनिक बजार अनुगमन भइरहेको बताइरहेको छ। तर अनुगमनपछि पनि बजार सुध्रिएन भने अनुगमनको शैलीमाथि पुनर्विचार आवश्यक हुन्छ। सरकारसँग बजारमा कति सामान छ, कुन मूल्यमा आयात भयो, कुन तहमा कति नाफा जोडियो र उपभोक्तासम्म पुग्दा मूल्य कति हुनुपर्ने हो भन्ने वास्तविक तथ्याङ्क प्रणाली छैन भने निर्देशन र जरिवानाले मात्र महँगी नियन्त्रण गर्न सकिँदैन। उपभोक्ता अधिकारकर्मी तिमल्सिनाले पनि तथ्याङ्क र प्रणालीबिना दिइने मूल्य घटाउने निर्देशन प्रभावकारी नहुने बताउनुभएको छ।

यसको उत्तर ठूला भाषण, नीति, बैठक वा अनुगमनको सङ्ख्याले होइन, बजारको मूल्य, अस्पतालको औषधी, किसानको मल र नागरिकले पाउने सेवाबाट दिनुपर्ने अवस्था आएको छ।

राष्ट्र बैंकको तथ्याङ्कले महँगीको दबाब बढिरहेको देखाइसकेको छ। सरकार आफैंले बजारमा बिचौलियाको प्रभाव स्वीकार गरेको छ। उपभोक्ता अधिकारकर्मीले अनुगमन कर्मकाण्डी भएको आरोप लगाइरहेका छन्। अत्यावश्यक स्वास्थ्य सामग्री र मलको अभावका समाचार आइरहेका छन्। त्यसैले सरकारका लागि अबको चुनौती केवल महँगी नियन्त्रण गर्नु मात्र होइन, नागरिकमा बढ्दै गएको 'सरकारले केही परिवर्तन गर्न सकेन' भन्ने मनोविज्ञानलाई बदल्नु पनि हो।

भारतीय...

सन् १९५० देखि नेपाल र भारतबीच दुई देशका प्रधान सेनापतिलाई एकअर्को देशमा मानार्थ महारथी दिने चलन चलिआएको छ। प्रधान सेनापति अशोकराज सिग्देलले पनि गत मंसिरमा भारतका राष्ट्रपति द्रौपदी मुर्मुबाट भारतीय सेनाको मानार्थ महारथी दर्जा प्राप्त गरिसक्नु भएको छ।

प्रधानसेनापति अशोकराज सिग्देलको निमन्त्रणमा नेपालको चार दिने औपचारिक भ्रमणका लागि आइतबार पाँच सदस्यीय टोलीसहित काठमाडौं आइपुग्नुभएको हो। उहाँले सोमवार बिहान सैनिक मञ्च टुँडिखेलमा वीर स्मारकमा पुष्पगुच्छा चढाउनुभएको थियो। टुँडिखेलको कार्यक्रम सकिएपछि सैनिक मुख्यालय जंगी अड्डामा भारतीय सेनाध्यक्ष सेठले सम्मान तथा गारद ग्रहण गर्नुभएको थियो। त्यसपछि भारतीय सेनाध्यक्ष सेठ र नेपाली सेनाका प्रधानसेनापति सिग्देलबीच शिष्टाचार भेटवार्ता भएको सैनिक मुख्यालय जंगी अड्डाले बताएको छ। भेटका क्रममा आपसी हित र पारस्परिक सम्बन्धका विषयमा छलफल भएको सैनिक मुख्यालयले बताएको छ। भारतीय सेनाध्यक्ष सेठले जंगी अड्डामा नेपाली सेनाका लागि सैनिक तथा स्वास्थ्य सामग्री हस्तान्तरण गर्नुभएको बताइएको छ। तर उक्त सामग्रीहरूको परिमाणबारे जंगी अड्डाले केही खुलाएको छैन। यसअघिका भ्रमणमा पनि यस्ता सामग्री हस्तान्तरण हुँदै आएको छ।

मलदेखि...

औषधी व्यवस्था विभागले समेत औषधी उत्पादन, आयात र मूल्य निर्धारणका कारण कहिलेकाहीँ बजारमा औषधी अभाव हुने स्वीकार गर्दै न्यूनतम स्टक प्रणाली लागू गर्ने तयारी गरेको छ। विभागका अनुसार केही अत्यावश्यक औषधीको अभाव अझै देखिएको छ।

७८ दिनपछि...

प्रधानमन्त्रीलाई सदनमा उपस्थित गराउन सभामुखसँग पर्याप्त अधिकार हुँदाहुँदै त्यसको प्रयोग नगरेकामा विपक्षी दलहरूले आपत्ति जनाउँदै आएका थिए।

विपक्षी दलहरूको लगातारको विरोधपछि सभामुख अर्यालले प्रतिनिधि सभा नियमावलीको नियम ५६, ५७, ५८ र ५९ अनुरूप प्रधानमन्त्रीलाई सांसदका प्रश्नहरूको जवाफ दिन रुलिङ गर्नुभयो। त्यसपछि सांसदहरू आ-आफ्नो स्थानमा बसेका थिए। नेकपाका नेता वर्षमान पुनले आ-आफ्ना सांसदहरूलाई बस्न आग्रह गरेपछि रुलिङपछि एकछिन अलमलमा परेका नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसी र पद्मा अर्याल पछि आपसी सल्लाह गरी आफ्नो सिटमा बस्नुभएको थियो।

'माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरू र प्रधानमन्त्रीको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा प्रतिनिधि सभा नियमावलीको नियम ५६ देखि ५९ सम्मको व्यवस्थाबमोजिम जवाफ दिन म प्रधानमन्त्रीज्यूलाई निर्देशन गर्दछु' -सभामुखले प्रधानमन्त्रीलाई रुलिङ गर्दै भन्नुभयो।

नियम ५६ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको व्यवस्था छ भने ५७ देखि ५९ सम्म प्रश्नको सूचना, मर्यादा र उत्तर दिने प्रक्रियाबारे उल्लेख गरिएको छ। प्रतिनिधिसभा नियमावलीको नियम ५६ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम प्रत्येक महिनाको पहिलो साताको कुनै एक दिनको बैठकको पहिलो एक घण्टा निर्धारण गर्ने व्यवस्था छ। ती नियमअनुसार प्रधानमन्त्रीको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिनुपर्ने व्यवस्था छ। सभामुखको रुलिङसँगै विपक्षी दलहरूले अवरोध हटाएपछि अब प्रधानमन्त्री शाहले प्रतिनिधिसभाको आगामी बैठकमा उपस्थित भएर सांसदका प्रश्नसँगै आफ्नो विवादास्पद अभिव्यक्तिबारे समेत जवाफ दिनुपर्ने भएको छ। प्रधानमन्त्री शाह हालसम्म प्रतिनिधिसभाको ६ वटा बैठकमा मात्र उपस्थित हुनुभएको छ।

सरल...

उहाँका कविता र गीतले पुस्तौंदेखि पाठक तथा श्रोतालाई प्रभावित गर्दै आएका छन्। साहित्यकारहरूले उहाँलाई नेपालभाषाका मात्र नभई नेपालको सांस्कृतिक चेतना, भाषिक अधिकार र सामाजिक जागरणमा महत्वपूर्ण योगदान पुऱ्याउने स्रष्टाका रूपमा स्मरण गरेका छन्।

श्रेष्ठको निधनले नेपाली तथा नेपालभाषा साहित्य, संगीत र सांस्कृतिक क्षेत्रमा ठूलो रिक्तता सिर्जना भएको छ। उहाँको निधनप्रति श्रद्धाञ्जली व्यक्त गर्दै साहित्यकार, भाषासेवी तथा संस्कृतिकर्मीहरूले जनकवि श्रेष्ठलाई राजकीय सम्मानका साथ अन्तिम बिदाइ गर्नुपर्ने माग गरेका छन्।

उहाँको निधनमा विभिन्न राजनीतिज्ञहरूले समेत श्रद्धाञ्जली दिएका छन्। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले श्रेष्ठको निधनले नेपालभाषा, नेपाली साहित्य र सांस्कृतिक क्षेत्रमा अपुरणीय क्षति भएको भन्दै दुःख व्यक्त गर्नुभएको छ। त्यस्तै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले श्रेष्ठ नेपाली साहित्यका प्रखर सर्जक रहेको बताउँदै उहाँको निधनको खबरले आफू मर्माहत भएको बताउँदै श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ।

श्रेष्ठको पार्थिव शरीर सोमवार श्रद्धाञ्जलीका लागि नेपालभाषा मंकाः खलःमा राखिएको थियो। उहाँको आज शोभाभगवतीमा परम्पराअनुसार अन्तिम संस्कार गरिनेछ। श्रेष्ठका श्रीमती, एक छोरी र दुई छोरा छन्।

त्रिविको...

तर नियुक्ति गर्न अधिकार नै नदिएपछि कसरी हुन्छ ?' त्रिविका अधिकारीले नेपाल समाचारपत्रसँग भने। हाल निमित्त शिक्षाध्यक्षको जिम्मा विज्ञान संकायका डीन शंकरप्रसाद खनाल र रजिस्टारको जिम्मा व्यवस्थापनका डीन महानन्द चालिसेले लिनुभएको छ। स्रोतका अनुसार उपकुलपति थापाले आफ्नो अनुकूलको टीम नआईकन बजेट बनाउने सम्भावना कम छ। आँट गरेदेखि एक्लैले बजेट ल्याउन सक्नुहुन्छ तर किन चुनौति लिने भन्ने सोचेर बजेट ल्याउने आँट गर्नुभएको छैन।

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

श्री धनमान गुरुङकी छोरी, श्री गज बहादुर गुरुङकी छोराबुहारी, श्री पदम बहादुर गुरुङकी पत्नी बागमती प्रदेश, धादिङ जिल्ला गङ्गाजमुना गा.पा. वडा नं. ६ बस्ने **श्रीमती दल सिरी गुरुसेनी** भन्ने **दलश्री गुरुङ**ले यस शाखामा खाता नं. २३७१५२४०३०२७४९/२३७३५२४२२०२४०९ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०८/१२ मा निज खातावाला श्रीमती दल सिरी गुरुसेनी भन्ने दलश्री गुरुङको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरी नाता पर्ने **अनुजा गुरुङ**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज मृतक **श्रीमती दल सिरी गुरुसेनी** भन्ने **दलश्री गुरुङ**को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको **ठमेल शाखा**मा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
ठमेल शाखा कार्यालय, फोन नं.: ०१-४५१८५८२, फ्याक्स नं.: ०१-४५१८४५३

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

श्री सेते श्रेष्ठकी छोरी, श्री मोति लालकी छोराबुहारी, श्री रत्न बहादुर जोशी भन्ने रत्न बहादुर थापाकी पत्नी गण्डकी प्रदेश, गोरखा जिल्ला शहिद लखन गा.पा वडा नं. ३ बस्ने **श्रीमती हीमा लक्ष्मी जोशी** भन्ने **हीमा लक्ष्मी थापा**ले यस शाखामा पेन्सन खाता नं. २३७१५२४०३०४०५३ संचालन गर्दै आउनु भएकोमा मिति २०८३/०४/०४ मा निज खातावाला श्रीमती हीमा लक्ष्मी जोशी भन्ने हीमा लक्ष्मी थापाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने **श्री भाईकाजी जोशि** भन्ने **भाई काजी थापा**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज मृतक **श्रीमती हीमा लक्ष्मी जोशी** भन्ने **हीमा लक्ष्मी थापा**को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको **ठमेल शाखा**मा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
ठमेल शाखा कार्यालय, फोन नं.: ०१-४५१८५८२, फ्याक्स नं.: ०१-४५१८४५३

प्रभु बैंक लिमिटेड, मुख्य शाखा कार्यालय बबरमहल, काठमाण्डौका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति २०८३/०५/०२ गते मंगलबारको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक)

यस बैंक लि.बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/१२/२५ गते बुधबारको समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितो लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम बिक्री हुन नसकेकोले मिति २०८३/०३/०४ गते बिहिबारको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौं**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८३/०५/०९ गते मंगलबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौं**मा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरणः	
ऋणी : दिनेश कुमार खड्का (ना.प्र.नं. १६/१४७०९ जारी मिति २०५७/०३/३०, जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौ)। ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १४, स्युचाटार। बाबु : नरहरी खड्का। बाजे : कृष्ण बहादुर खड्का।	**जमानतकर्ता : सानु मैया खड्का** (ना.प्र.नं. ११९७, जारी मिति २०४४/०४/२१ जारी गर्ने कार्यालय जि.प्र.का काठमाण्डौ)। ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. १४। बाबु : गोपे कार्की। पति/ससुरा : नरहरी खड्का/कृष्ण बहादुर खड्का।
जमानतकर्ता : आकाङ्क्षा शर्मा (ना.प्र.न. ६५५२, जारी मिति २०६१/०९/०१, जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौ)। स्थायी ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. १३। हालको ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. १४। बाबु : पुष्पराज पौडेल। ससुरा/पति : नरहरी खड्का/दिनेश कुमार खड्का।	**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :** **सानु मैया खड्का**को नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौमा दर्ता श्रेष्ठा कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १४, नक्सा सिट नं. १०२-११४११० स्थित कित्ता नं. २१ क्षेत्रफल ४८८.०० (बर्ग मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग**बाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग**मा सम्पर्क राख्न सकिनेछ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, सुर्खेत शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०५/०२ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **२०८२ साल जेष्ठ महिना ०८ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो चासो नदेखाएकोले **मिति २०८३ साल असार महिना ११ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोल